प्रकाशन मितिः २०७२ साल मंसिर



# बालबालिकाको सर्वोत्तम हित

## (१) बालबालिका सर्वोत्तम हित : सिंहावलोकन र अवधारणा

नेपालको संवैधानिक इतिहासमा पहिलो पटक नेपालको संविधान, २०७२ ले राज्यका निर्देशक सिद्धान्त र नीतिका रूपमा बालबालिकाको सर्वोत्तम हितलाई समाविष्ट गरेको छ (धारा ५१) । बाल अधिकारको दृष्टिकोणबाट यो महत्वपूर्ण उपलब्धि हो । संविधानको यस व्यवस्थालाई राम्ररी कार्यान्वयन गरेको खण्डमा बालबालिका सम्बन्धी नीति र तौरतरिकामा सुधार ल्याई उनीहरूको जीवनमा सकारात्मक र दीगो परिवर्तन हासिल पार्न मद्दत पुर्‍याउँछ ।

बाल बालिकाको सर्वोत्तम हित बालअधिकार महासन्धिको चार सामान्य सिद्धान्तहरूमध्ये एक हो । बालअधिकार समितिले बालबालिकाको सर्वोत्तम हितलाई 'एउटा अधिकार, एउटा सिद्धान्त र एउटा कार्यविधि नियम' का रूपमा व्याख्या गरेको छ । सारभूत अधिकारका रूपमा यसको अवधारणा भनेको विभिन्न हित/विकल्पहरूको बारेमा छलफल गर्दा बालबालिकाको लागि सर्वोत्तम हित/विकल्पको लेखाजेखा गर्ने र त्यसलाई प्राथमिक रूपमा लिइनुपर्ने बालबालिकाको अधिकार भन्ने बुझ्नु पर्छ ।

सिद्धान्तको रूपमा बालबालिकाको सर्वोत्तम हितलाई प्रयोग गर्दा कुनै पनि कानुनी प्रावधानको विभिन्न व्याख्याको सम्भावना भएमा त्यस्तो व्याख्यालाई अपनाउनु पर्छ जसले सबैभन्दा प्रभावकारी रूपले बालबालिकाको हितलाई प्रवर्द्धन गर्छ । यसलाई कार्यविधि नियमका रूपमा लिनु भनेको कुनै पनि निर्णय प्रक्रियामा उक्त निर्णयको बालबालिकामाथि पर्न सक्ने प्रभावको मूल्यांकन गर्ने कुरालाई सुनिश्चित गर्ने र सर्वोत्तम हितको लेखाजोखा एवं निर्धारण गर्दा कार्यविधिको सुनिश्चित गर्ने कार्य हो । महासन्धिका विभिन्न धारामा सर्वोत्तम हितको उल्लेख गरेको भए पनि धारा ३ अनुच्छेद १ ले यसको व्यवस्था प्रमुख रूपमा गरेको छ ।

'सार्वजनिक अथवा निजामती कल्याणकारी सामाजिक संस्थाहरू, अदालतहरू, प्रशासनिक यन्त्रहरू वा विधायिकाहरू सबैले बालबालिकाहरूसँग सम्बन्धित काम कुरा गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेछ ।'

बाल अधिकार समितिले यसको सामान्य टिप्पणी नं. १४ (General Comment 14) मा बालबालिकाको सर्वोत्तम हितको अवधारणाको बृहत व्याख्या गरेको छ । यस संक्षिप्त पत्र (Briefing Paper) ले बालबालिकाको सर्वोत्तम हितको अवधारणालाई स्पष्ट पार्ने र यस सम्बन्धी हालैको संवैधानिक प्रावधानलाई कसरी कानुनी, नीतिगत र कार्यक्रमिक रूपमा ढाल्न सकिन्छ र सँगसँगै नेपालले यसको अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न सक्छ भन्ने सवाललाई सम्बोधन गर्नेछ ।

## २. बालबालिकाको सर्वोत्तम हित भनेको के हो ?

बालबालिकाको सर्वोत्तम हित बाल अधिकार महासन्धिकै एक जटिल अवधारणा हो । यस अवधारणाको व्याख्या र कार्यान्वयनका सन्दर्भमा ध्यान पुर्‍याउनैपर्ने एउटा कुरा भनेको यो हरेक सन्दर्भमा फरक फरक तरिकाले लागू गर्नुपर्ने (case-by-case basis) हुन्छ र सामान्यीकरण गर्न सकिँदैन । यो अवधारणा आफैँमा लचकतापूर्ण छ र बालबालिकाको विशेष परिस्थिति, उनीहरूको व्यक्तिगत पृष्ठभूमि, अवस्था र आवश्यकतालाई ध्यान दिँदै यसलाई समायोजन तथा परिभाषित गर्नुपर्ने हुन्छ ।

बालबालिकाको सर्वोत्तम हितको अवधारणालाई कार्यान्वयन गरेर निर्णय गर्दा दुईवटा अन्तरसम्बन्धित चरणहरू पार गर्नुपर्छ : सर्वोत्तम हितको लेखाजेखा (assessment) र सर्वोत्तम हितको निर्धारण (determination) । लेखाजोखाको चरणमा जो बालक/बालिका वा उनीहरूको समूहको बारेमा निर्णय लिनुपर्ने हो तिनका विशिष्ट परिस्थिति अनुसारका सम्पूर्ण आवश्यक तत्वहरूको मूल्यांकन र उनीहरूको एकआपसको सम्बन्धको लेखाजोखा (balancing) गर्नुपर्ने हुन्छ । यस्तो लेखाजेखा (assessment) निर्णयकताले सकेसम्म सम्बन्धित बालबालिकाको सहभागितामा गर्नुपर्ने हुन्छ । यस्तो लेखाजोखालाई आधार बनाएर सर्वोत्तम हितको निर्धारण (determination) गर्नुपर्छ जुन कार्यविधिगत व्यवस्थालाई सुनिश्चित गरिएको एउटा औपचारिक प्रक्रिया हो ।

बालबालिकाको सर्वोत्तम हितका लागि गरिने लेखाजोखा अद्वितीय (unique) क्रियाकलाप भएकाले हरेक बालक/बालिका वा उनीहरूको समूहको विशिष्ट परिस्थितिलाई ध्यान दिनु पर्दछ जसमा बालबालिकाको उमेर, लिंग, परिपक्वताको तह, कुनै अपांगता भए सोको अवस्था, कुनै अल्पसंख्यक समुदायको सदस्य भए सो को अवस्था, पारिवारिक वातावरण र अवस्था इत्यादि कुराहरू पर्दछन् । हरेक घटना (केस) फरक हुने हुनाले

यस्ता तत्वहरूको बन्द/पूर्ण सूची बनाउन सम्भव छैन । तथापि बालअधिकार समितिले एउटा खुल्ला सूची तयार पारेको छ जसलाई सम्बन्धित निर्णयकर्ताहरूले प्रयोग गर्नुपर्ने हुन्छ । तल उल्लेखित तत्वहरू जुनसुकै क्रममा पनि प्रयोग हुन सक्छन् ।

(क) बालबालिकाको धारणा : उनीहरूलाई असर पर्ने कुनै पनि विषयको निर्णय प्रक्रियामा बालबालिकालाई आफ्नो धारणा व्यक्त गर्ने अवसर प्रदान गरिनु पर्दछ । उनीहरूको उमेर र परिपक्वताका आधारमा उनीहरूले व्यक्त गरेका विचार/धारणालाई उचित स्थान दिइनु पर्छ जसले गर्दा उनीहरूको धारणाले सर्वोत्तम हित निर्धारणलाई प्रभाव पार्ने सम्भावना रहोस् ।

(ख) बालबालिकाको पहिचान : बालबालिकाको सर्वोत्तम हितको लेखाजेखा गर्दा महासन्धिले व्यवस्था गरेको बालबालिकाले आफ्नो पहिचान जोगाउन पाउने अधिकारको सम्मान गर्ने र त्यसलाई ध्यान दिइएको हुनु पर्छ । बालबालिका सजातिय (homogeneous) समूह नहुने हुनाले उनीहरूको विविधिता (diversity) लाई पहिचान गर्नु महत्वपूर्ण हुन्छ । धार्मिक तथा सांस्कृतिक मूल्य, मान्यताहरू पहिचानका महत्वपूर्ण पाटाहरू हुन् यद्यपि महासन्धिमा लिपिबद्ध अधिकारहरूको विरूद्धमा जाने कुनै पनि अभ्यास बालबालिकाका सर्वोत्तम हितका पक्षमा हुँदैनन् र तिनीहरूलाई देखाएर कुनै निर्णयको औचित्य साबित गर्न मिल्दैन ।

(ग) पारिवारिक वातावरण जोगाउने र सम्बन्धहरू कायम राख्ने : बालबालिकाको पारिवारिक जीवनको अधिकारलाई महासन्धिले संरक्षित गरेको छ । यस अधिकारको पालना गरिनु पर्दछ र बालबालिकालाई आफ्ना आमाबाबुसँग छुट्याउने कुरालाई अन्तिम विकल्प (Last resort) का रूपमा मात्र प्रयोग गर्नुपर्छ । कुनै बालक/बालिकालाई उसको अभिभावकबाट छुट्याउनुपर्ने सम्भावित अवस्थामा उसको सर्वोत्तम हितको लेखाजेखा र निर्धारण अनिवार्य रूपमा गर्नैपर्ने हुन्छ । छुट्याउनैपर्ने अवस्थामा निर्णयकर्ताले बालक/बालिकालाई उसको अभिभावक र परिवारसँग सम्बन्ध एवं नाता कायमै राख्ने कुराको सुनिश्चितता गर्नुपर्छ । यसको अपवाद सो सम्बन्ध राख्नु उसको हित विपरीत हुने अवस्थामा मात्र रहन्छ । बाबु र आमाले अभिभावकत्वका जिम्मेवारीहरू बाँडेर पूरा गर्ने कुरा सामान्यतया बालक/बालिकाको सर्वोत्तम हितमा हुन्छन् । दुवै अभिभावकले यस्तो जिम्मेवारी बाँडेर निर्वाह गर्ने अवस्था नहुँदा बालक/बालिकालाई कुन अभिभावकले हेरचाहको जिम्मा लिने भन्ने कुराको निर्णयको एक मात्र आधार बालक/बालिकाको सर्वोत्तम हित हुनुपर्छ । यदि कुनै कानुनले एउटा वा अर्को अभिभावकलाई स्वतः हेरचाहको जिम्मा दिन्छ भने त्यस्तो कानुन र सो को अभ्यास बालबालिकाको सर्वोत्तम हितको सिद्धान्तको विपरित हुन जान्छ । कुनै बालक/बालिकाको हेरचाहको बारेमा निर्णयमा पुग्नु अगाडि न्यायाधीश वा अन्य निर्णयकर्ताले बालक/बालिकाको दुबै अभिभाबकसँग सम्वन्ध कायम राख्न पाउने अधिकारलाई सो केसका अन्य सान्दर्भिक तत्वहरूका साथमा ध्यानपूर्वक परीक्षण गर्नु आवश्यक पर्छ । अभिभावक वा बालक/बालिकाको प्राथमिक हेरचाहकर्ताले कुनै अपराध गरेको खण्डमा उसलाई थुनामा राख्नुभन्दा अन्य विकल्पहरू समेतको खोजी गर्नु पर्छ जुन प्रत्येक केसमा फरक फरक हुन सक्छ । विभिन्न प्रकारका सजायले प्रभावित बालक/बालिकामा कस्तो असर पर्न सक्छ भन्ने कुरा ख्याल गरिनु पर्दछ ।

(घ) बालबालिकाको स्याहार, संरक्षण र सुरक्षाः सर्वोत्तम हितको लेखाजेखामा बालबालिकाको कल्याण र विकास, शारीरिक वा मानसिक हिंसा, चोटपटक वा दुर्व्यवहार, यौन दुर्व्यवहार यौन वा आर्थिक शोषण आदिबाट संरक्षण दिने कुरालाई ध्यान दिइनु पर्दछ । यी तत्वहरूलाई बालबालिकाको अहिलेको परिस्थिति र भविष्यमा आउनसक्ने जोखिमका दृष्टिकोणबाट हेरिनु पर्दछ ।

(ङ) जोखिमको अवस्था : बालक/बालिकालाई थप जोखिममा पार्नसक्ने अपांगता, अल्पसंख्यकको सदस्य, दुर्व्यवहारको पीडितजस्ता तत्वहरूमा ध्यान दिनुपर्छ । हरेक बालक/बालिकाको जोखिमको मात्रा वैयक्तिक तरिकाले मापन गरिनु पर्छ ।

(च) बालबालिकाको स्वास्थ्यको अधिकार : स्वास्थ्यको अधिकार र बालबालिकाको स्वास्थ्यको अवस्था सर्वोत्तम हित लेखाजोखाका लागि प्रधान रहने गर्छन् । यदि कुनै स्वास्थ्य समस्याको एकभन्दा बढी उपचारका सम्भावना रहन्छन् भने वा नतिजा अनिश्चित छ भने उपचारको फाइदालाई यसका जोखिम र साइड इफेक्टसँग तुलना गर्नुपर्छ र सम्बन्धित बालक/बालिकाको उमेर तथा परिपक्वताको अवस्था हेरी उसका विचारलाई उचित स्थान दिनु पर्दछ ।

(छ) बालबालिकाको शिक्षाको अधिकार : गुणस्तरीय शिक्षामा पहुँच हुनु हरेक बालक/बालिकाको सर्वोत्तम हितमा हुन्छ जसलाई कुनै एक विशेष बालक/बालिका वा उनीहरूको समूहका बारेमा लिइने निर्णयमा सम्मान गरिनु पर्दछ ।

यो सूचीमा अन्य तत्वहरू थप गर्न सकिन्छ जसको लागि एक आधारभूत सिद्धान्त भनेको सर्वोत्तम हितको उद्देश्य जहिले पनि बालबालिकालाई महासन्धिका अधिकारहरू पूर्ण रूपमा उपभोग गर्ने वातावरण बनाई उनीहरूको सर्वाङ्गीण विकास गराउनु हो । यो उद्देश्यको विपरित हुने कुनै पनि तत्वलाई लेखाजेखाको प्रक्रियामा समावेश गराउन मिल्दैन । सबै तत्वहरूको पहिचान भइसकेपछि तिनीहरूलाई एक-अर्कासँग तौलनु (balancing) गर्नुपर्ने हुन्छ । कुन तत्वलाई कति भार/महत्व दिने भन्ने कुरा प्रत्येक अवस्था (Case) मा फरक हुन्छ र कहिलेकाहीं दुईवटा तत्वहरू एक-अर्कासँग बाझ्ने प्रकृतिका समेत हुन्छन् । उदाहरणका लागि, परिवार जोगाउने कुरा बालक/बालिकालाई अभिभावकबाट हुनसक्ने दुर्व्यवहारबाट संरक्षण दिने कुराँग मेल नखान सक्छ जसमा सर्वोत्तम हित निर्धारण गर्दा यी तत्वहरूलाई एक-आपसमा तौलन आवश्यक हुन्छ ।

### ३. बालबालिकाको सर्वोत्तम हितको कार्यान्वयन गर्दा कस्ता कार्यविधिगत सुरक्षा उपायहरू अपनाउनु पर्छ ?

बालबालिकाको सर्वोत्तम हित एउटा कार्यविधिगत नियम पनि भएकाले तल उल्लेख गरिएजस्ता बालमैत्री कार्यविधिहरू सुनिश्चित गर्न आवश्यक हुन्छ ।

**(क) बालक/बालिकाको आफ्नो विचार व्यक्त गर्न पाउने अधिकार** : सर्वोत्तम हितको पहिचान गर्न सार्थक बाल सहभागिता आवश्यक पर्छ जसका लागि सर्वोत्तम हितको लेखाजोखा र निर्धारणमा संलग्न सबैले बालसहभागिताका मापदण्डहरू अपनाउन जरूरी छ ।

**(ख) तथ्य स्थापित गर्ने** : कुनै पनि घटना (Case) सँग सम्बन्धित तथ्यहरू र सूचना तालिमप्राप्त र दक्ष पेशाकर्मीबाट मात्र हासिल गर्नुपर्छ । कुनै पनि लेखाजोखामा प्रयोग गर्नुभन्दा पहिले यस्ता तथ्यहरूलाई प्रमाणीकरण र विश्लेषण गरिएको हुनुपर्छ ।

**(ग) समय** : बालबालिकालाई असर गर्ने कुनै पनि प्रक्रिया वा कार्यविधिलाई प्राथमिकीकरण गर्ने र सकेसम्म छोटो अवधिमा सम्पन्न गर्नुपर्छ जसलाई बालबालिकाले महसुस गर्न सकून् ।

**(घ) दक्ष पेशाकर्मी/मानव संशाधन** : औपचारिक लेखाजेखा प्रक्रिया मैत्रीपूर्ण र सुरक्षित वातावरणमा दक्ष पेशाकर्मीबाट सञ्चालन गरिनु पर्छ । यस्ता पेशाकर्मीहरू अन्य विषयका अतिरिक्त बाल मनोविज्ञान, बाल विकास र अन्य सान्दर्भिक क्षेत्रमा तालिम प्राप्त र बालबालिकासँग काम गरेको अनुभव भएका हुनु पर्दछ । विभिन्न पेशाको प्रतिनिधित्व हुने बहुविधागत टोलीबाट सर्वोत्तम हितको लेखाजोखा गरिनु वाञ्छनीय हुन्छ ।

**(ङ) कानुनी तर्क** : बालबालिकासँग सम्बन्धित निर्णयहरू उपयुक्त रूपमा प्रेरित (motivated) औचित्यपूर्ण र व्याख्यात्मक हुनुपर्छ जसले बालबालिकाको सर्वोत्तम हितलाई मुख्य ध्यान दिइएको तथ्यलाई दर्शाउन सकोस् । सबै तथ्यगत अवस्थाहरू, ध्यान दिइएका तत्वहरू र तिनीहरूलाई दिइएको भार/महत्वको पूर्ण व्याख्या गरिएको हुनुपर्छ र यदि निर्णय बालक/बालिकाले राखेको धारणा/विचार भन्दा फरक छ भने त्यसको कारण प्रष्ट रूपमा उल्लेख गर्नुपर्छ ।

**(च) निर्णयको पुनरावलोकन गर्ने संयन्त्र** : कानुनी प्रणालीभित्र यस्तो संयन्त्रको व्यवस्था गरिनु पर्छ जसले बालबालिकाँग सम्बन्धित कुनै निर्णयमा सर्वोत्तम हितको उचित लेखाजोखा वा निर्धारण नभएको शंका भएमा सोको विरूद्ध उजुरी लिन र पुनरावलोकन गर्न सकियोस् । यस्तो संयन्त्र बालबालिकाको सहज पहुँचमा हुनु पर्दछ ।

**(छ) बाल अधिकार प्रभाव लेखाजेखा** (Child Rights Impact Assessment) : कुनै पनि प्रस्तावित नीति, ऐन, नियम, बजेट वा अन्य प्रशासनिक निर्णयको बालबालिकामा पर्नसक्ने प्रभावको पूर्वानुमान गर्ने कार्यलाई सरकारी प्रक्रियामा समाविष्ट गरिनुपर्छ जसले गर्दा बालक/बालिकालाई नकारात्मक असर पुऱ्याउनसक्ने नीति नियम, आदिलाई लागू हुनु पूर्व नै सच्याउन सकियोस् ।

### (३) बालअधिकार महासन्धिको पक्ष राष्ट्रका रूपमा नेपालका दायित्वहरू

महासन्धिको धारा ३, अनुच्छेद १ ले पक्ष राष्ट्रका लागि तीन प्रकारका दायित्वहरू सिर्जना गर्छ भन्ने बाल अधिकार समितिको ठहर छ ।

(क) कुनै पनि सार्वजनिक निकायले बालबालिकालाई प्रत्यक्ष वा परोक्ष प्रभाव पार्ने हरेक कार्य गर्दा र खासगरी कार्यान्वयनका उपायहरू र प्रशासनिक तथा न्यायिक प्रक्रियामा बालबालिकाको सर्वोत्तम हितलाई एकीकरण गर्ने र नियमित रूपमा प्रयोग गर्ने ।

(ख) बालबालिकाँग सम्बन्धित सबै न्यायिक र प्रशासनिक निर्णयहरू तथा नीति र कानुनले सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिएको तथ्यलाई दर्शाउने र सो क्रममा बालबालिकाको सर्वोत्तम हितलाई कसरी परीक्षण र लेखाजोखा गरियो तथा त्यसलाई निर्णय प्रक्रियामा कति भार/महत्व दिइयो भन्ने कुरा स्पष्ट रूपमा देखाउने ।

(ग) निजी क्षेत्रबाट बालबालिकासँग सम्बन्धित वा उनीहरूलाई असर पर्ने खालका निर्णय र कार्य गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिइने कुरा सुनिश्चित गर्ने ।

### (४) नेपाल सरकारले अबका दिनमा लिनुपर्ने कदमहरू

नेपालको संविधान, २०७२ ले बालबालिकाको सर्वोत्तम हितलाई राज्यको निर्देशक सिद्धान्त र नीतिको रूपमा स्वीकार गरेकोले उक्त संवैधानिक प्रावधानलाई मूर्त रूप दिन तथा नेपालका अन्तर्राष्ट्रिय दायित्वलाई पूरा गर्दै नेपाली बालबालिकाका अधिकारलाई साकार रूप दिन नेपाल सरकारले थुप्रै कदमहरू चाल्नुपर्छ । तीध्ये केही निम्नानुसार छन्:

(क) राष्ट्रिय कानुनहरूको पुनरावलोकन गर्ने र आवश्यकतानुसार संशोधन गर्ने ताकि महासन्धिको धारा ३ अनुच्छेद १ बमोजिमको बालबालिकाको सर्वोत्तम हितलाई समावेश गर्न सकियोस् । बालबालिकाको सर्वोत्तम हितलाई सारभूत अधिकार र कार्यविधिगत नियमका रूपमा सबै राष्ट्रिय ऐन र नियमावलीहरू, बालबालिकालाई सेवा प्रदान गर्ने निजी र सार्वजनिक संस्था सञ्चालनका नियमहरू तथा न्यायिक र प्रशासनिक प्रक्रियाहरूमा प्रतिविम्बित एवं कार्यान्वयन गरिनु पर्छ । सबै कानुनको पुनरावलोकन आवश्यक भए पनि बालबालिकासँग प्रत्यक्ष रूपमा सम्बन्धितलाई पहिलो प्राथमिकता दिन सकिन्छ । बालबालिकासँग सम्बन्धित कानुनमा बालबालिकाको सर्वोत्तम हितको लेखाजोखा र निर्धारणका लागि विस्तृत निर्देशिका र संयन्त्रको व्यवस्था गरिनु पर्छ । यस्ता संरचनाहरू राज्यका स्थानीयदेखि केन्द्रीय तहसम्म नै व्यवस्थित गर्नुपर्छ ।

(ख) संसदमा दर्ता भएका र मस्यौदाका रूपमा रहेका विधेयकहरूलाई बालबालिकाको सर्वोत्तम हितको दृष्टिकोणबाट पुनरावलोकन गर्नुपर्छ । तत्काल हेर्नुपर्नेमा फौजदारी तथा देवानी संहिता र कार्यविधि, सजाय सम्बन्धी संहिता र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले तयार गरिरहेको बालबालिका सम्बन्धी विधेयकको मस्यौदा रहेका छन् ।

(ग) बाल अधिकार र बाल संरक्षणका तालिम पुस्तिकामा सर्वोत्तम हितलाई समावेश गर्ने र सोही बमोजिम न्यायिक, प्रहरी, न्यायधिवक्ता, मानवअधिकार आयोग लगायत बालबालिकासँग वा बालबालिकाका लागि जिम्मेवारी रहने सरकारी र गैरसरकारी कर्मचारीहरूलाई तालिम दिने ।

(घ) बालअधिकार समितिको सामान्य टिप्पणी नं. १४ (General comment 14) लाई स्थानीय भाषाहरूमा अनुवाद गरी व्यापक प्रचारप्रसार गर्ने ।

(ङ) बाल अधिकारको कार्यान्वयनका लागि आवश्यक कार्यक्रमलाई लक्ष्यित गरी राष्ट्रिय र स्थानीय स्तरबाट श्रोतको विनियोजन गर्दा बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राख्ने ।

(च) कार्यान्वयनका उपायहरू, प्रशासनिक र न्यायिक प्रक्रियामा सर्वोत्तम हितलाई उपयुक्त तरिकाले समावेश गरिएको र निरन्तर प्रयोग भएको कुरालाई पूर्ण रूपमा सुनिश्चित गर्ने उद्देश्यले उजुरीका र उपचारका संयन्त्र र प्रक्रियाहरूको व्यवस्था गर्ने ।

(छ) सरकारका सबै नीतिहरूको बाल अधिकार प्रभाव लेखाजोखा (child rights impact assessment) गर्न अनिवार्य व्यवस्था गर्ने र यसलाई तुरुन्तै लागू गर्ने ।

बालबालिकाको सर्वोत्तम हित सम्बन्धी नीतिगत सवालमा तयार गरिएको यो जानकारीपत्र विधायक, नीति निर्माता, नागरिक समाज तथा पैरबीकर्ताहरूका लागि बाल अधिकारकर्मीहरू तथा सञ्जालहरूको सामूहिक परामर्शवाट तयार पारिएको हो ।

यो जानकारीपत्र हिमाल इनोभेटिभ डेभलपमेन्ट एण्ड रिसर्चद्वारा युनिसेफ, नेपाल कार्यालयको आर्थिक सहयोगमा प्रकाशन गरिएको हो ।

थप जानकारीका लागि :

**हिमाल इनोभेटिभ डेभलपमेन्ट एण्ड रिसर्च**

बुद्धनगर-१०, काठमाडौं

फोन : ९७७-१-४७८३७९१,

email : hidrnepal@gmail.com

www.hidrnepal.com